(Related with NTA Decision No.2519.2069.12.27)

# प्रि-पेड कलिङ्ग कार्ड (Pre-Paid Calling Card) सेवा संचालन सम्वन्धी

# विशेष निर्देशिका

## १. उद्देश्य :-

चाहिएको बेला जूनसूकै टेलिफोनबाट स्थानिय लगायत अन्तर्देशीय तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा उपयोग गरे पनि उक्त टेलिफोन धनिसँग महसूल नलिई टेलिफोन सेवा उपयोग गर्ने व्यक्तिबाट नै भूक्तानी लिने गरि टेलिफोन सेवा उपलव्ध गराउने यस टेलिफोन सेवाको विशेष उद्देश्य रहेको छ ।

## २. प्रि-पेड कलिङ्ग कार्डसेवा :-

भ्वाइस टेलिफोन सेवा प्रदायकको एक्सचेञ्जमा जोडिएको कूनै पनि टेलिफोन वा मोवाईलबाट प्रि-पेड कलिङ्ग कार्डमा उल्लिखित व्यक्तिगत (पहिले नै रकम भूक्तान गरि खरिद गरेको कार्डमा उल्लिखित व्यक्तिगत पहिचान नम्बर) नम्बरबाट भूक्तानी गर्ने गरि स्थानीय, अन्तर्देशीय र अन्तर्राष्ट्रिय टेलिफोन सेवा उपलव्ध गराउने गरि सर्वसाधारणको प्रयोगको लागि संचालन गरिने सेवालाई प्रि-पेड कलिङ्ग कार्ड सेवा भनिन्छ ।

"भ्वाइस टेलिफोन सेवा " भन्नाले प्राधिकरणवाट अनुमतिपत्र प्राप्त गरी संचालनमा रहेको आधारभुत दूरसञ्चार सेवा (Basic Telecommunication Service) वा सेलुलर मोवाइल सेवा (Cellular Mobile Service) वा ग्रामिण दूरसञ्चार सेवा (Rural Telecommunication Service)" वा आधारभुत टेलिफोन सेवा (Basic Telephone Service)सम्झनु पर्छ ।

## ३. अनूमतिपत्र लिनू पर्ने :-

प्रि-पेड कलिङ्ग कार्डसेवा संचालन गर्न इच्छूक व्यक्ति वा संस्थाले प्राधिकरणबाट दूरसञ्चार ऐन, २०५३ को दफा २४ बमोजिम अनूमतिपत्र लिनू पर्नेछ ।

## ४. प्रि-पेड कलिङ्ग कार्डसेवा संचालनका लागि निर्देशन :-

४.१ निवेदन साथ पेश गर्नु पर्ने विवरणहरु :- प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालन गर्न ईच्छूक व्यक्ति वा संस्थाले सेवा संचालन गर्न लिनु पर्ने अनुमतिपत्रको लागि निम्न अनुसार निवेदन पेश गर्नु पर्नेछ ।

४.१.१ दुरसंचारको अन्य अतिरिक्त सेवा संचालन गर्नेहरुको लागि प्रकाशित सामान्य निर्देशिकामा उल्लिखित विवरणहरुका साथै सोमा उल्लिखित निवेदन फाराम भरि रीत पुर्वक दरखास्त पेश गर्नु पर्नेछ ।

४.१.२ <u>सेवा संचालन गर्ने क्षेत्र</u> :- यस सेवाको लागि प्रयोगमा ल्याइने (Calling Card मा उल्लिखित PIN Code प्रयोग गरि राज्यका भ्वाइस टेलिफोन सेवा प्रदायकका टेलिफोनबाट उक्त सेवा उपलब्ध गराउनु पर्नेछ । अनुमतिपत्र पाएको मितिले कहिले कून क्षेत्रमा यस सेवा उपलब्ध गराउने योजना छ प्रष्ट खूलाई सो को Roll Out Plan पेश गर्नू पर्नेछ ।

४.१.३ यस सेवा अन्तर्गत स्थानीय टेलिफोन, अन्तर्देशीय टेलिफोन तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा उपलब्ध गराए वापत के कति महशुल लिईने हो सोको विस्तृत विवरण पेश गर्नु पर्नेछ ।

४.१.४ प्रि-पेड कार्डमा उल्लिखित विशेष PIN कार्ड उक्त प्रि-पेड कार्ड खरिद गर्ने व्यक्ति बाहेक अन्य कसैलाई थाहा नदिन कुन विधि अपनाउने हो प्रष्ट खुलाउनु पर्नेछ ।

४.१.५ प्रि-पेड कलिङ्ग कार्ड के कति मुल्यको र कति किसिमको हुनेछ उल्लेख गर्नु पर्नेछ ।

४.१.६ यस सेवाको लागि के कस्तो नेटवर्क र उपकरण प्रयोग गर्ने हो सोको विस्तृत विवरण दिनुको साथै कार्डमा उल्लेख गरिने विवरणहरु पनि संलग्न गर्नु पर्ने हुन्छ ।

## ५. <u>प्रि-पेड कलिङ्ग कार्ड टेलिफोन सेवा संचालकले पालना गर्नू पर्ने शर्तहरु</u> :-

५.१ अनूमतिपत्रमा उल्लिखित शर्त अनुरुप सेवा संचालन गर्नू पर्नेछ ।

५.२ प्रि-पेड कलिङ्ग कार्ड खरिद गर्न चाहने जोसूकैले सजिलैसँग कार्ड उपलब्ध गर्न सक्ने गरि वितरण तथा बेच बिखनको व्यवस्था सेवा संचालक आफैले वा अरु मार्फत गर्न गराउन सक्नेछ ।

५.३ प्रि(पेड कलिङ्ग कार्डको अवधि (Validity) प्रत्येक कार्डमा प्रष्ट उल्लेख गरेको हुनु पर्दछ ।

५.४ प्रि-पेड कलिङ्ग कार्ड प्रयोग गर्ने विधि प्रष्ट हूने गरि लेखिएको हूनू पर्नेछ । प्रि(पेड कलिङ्ग कार्डमा लेखिने भाषा नेपाली वा अंग्रेजी वा दूवै हून सक्नेछ ।

५.५ उक्त प्रि(पेड कलिङ्ग कार्ड पे-फोन टेलिफोनमा घुसाउन नहुने कुरा प्रत्येक प्रि-पेड कलिङ्ग कार्डमा उल्लेख गरेको हुनु पर्छ ।

५.६ सम्पर्क गर्न खोजेको टेलिफोन नम्बर डायल गर्नु अघि उक्त प्रि-पेड कार्डमा के कति मिनेट वा के कति रकम बाँकी छ प्रयोगकर्तालाई सुचना दिने व्यवस्था अनिवार्य रुपले गर्नू पर्नेछ ।

५.७ यस सेवा संचालनको सिलसिलामा सेवा संचालकको तर्फबाट सो उपयोगकर्तालाई दिइने निर्देशनको भाषा नेपाली र अंग्रेजी गरि दुईवटा भाषा अनिवार्य रुपमा हूनू पर्नेछ । यी दुई

भाषा बाहेक अन्य भाषाहरु सेवा प्रदायकले आफू खूसी थप गर्न सक्नेछ । सेवा उपयोग गर्ने व्यक्तिले यी भाषाहरुमध्ये कुनै एक भाषा रोज्न सक्ने व्यवस्था हुनु पर्नेछ ।

५.८ पे-फोन वा पि.सि.ओ. बाट उक्त प्रि-पेड कलिङ्ग कार्ड प्रयोग गरे वापत पे-फोन वा पि.सि.ओ.लाई कुनै रकम तिर्नु पर्ने भए सो रकम सेवा प्रदायकले व्यहोर्ने हो वा प्रि-पेड कलिङ्ग कार्ड प्रयोग गर्नेले व्यहोर्नु पर्ने हो प्रष्ट खुलाउनु पर्नेछ ।

५.८.१ यस्तो रकम सेवा प्रदायकले स्वयं व्यहोर्ने भए सो को लागि पे-फोन संचालक वा पि.सि.ओ. संचालकसँग आपसी सम्झौता गर्नु पर्नेछ ।

५.८.२ यदि प्रि-पेड कलिङ्ग कार्ड प्रयोग कर्ताले व्यहोर्ने भए प्रत्येक पटक टेलिफोन गर्दा के कति रकम कसरी तिर्नु पर्नेछ प्रष्ट खुलाउनु पर्नेछ ।

५.९ भ्वाइस टेलिफोन सेवा संचालनको लागि प्राधिकरणबाट अनुमतिपत्र लिएका सेवा प्रदायकको नेटवर्क प्रयोग गरेर मात्र यो सेवा संचालन गर्नु पर्ने हुंदा निबेदनमा प्रस्तावित सेवा प्रदायकको नाम उल्लेख गर्नुको साथै उक्त कम्पनिसंग यस विषयमा भएको MOU को एकप्रति कागजात पनि पेश गर्नु पर्ने छ ।

क. Prepaid Calling Card सेवा प्रदायकले सेवा सञ्चालन गर्दा आवश्यक पर्ने कार्ड कुन दर भाउको कति संख्यामा एक पटकमा बजारमा ल्याउने हो सो सम्वन्धमा दुई सेवा प्रदायकको आपसि सहमतिमा मात्र कार्डहरु विकि वितरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ र सो व्यहोरा सेवा प्रदायकहरु वीचको सम्झौतामा उल्लेख भएको हुनुपर्नेछ ।

ख. Prepaid Calling Card सेवा प्रदायकले भ्वाईस सेवा प्रदायकको सेवालाई पुनः बिक्री ( Resale) गर्ने भएकोले कुनै कारणवश Prepaid Calling Card सेवा प्रदायकले सेवा प्रदान गर्न नसक्ने / नगर्ने अवस्था सिर्जना भएमा भ्वाईस सेवा प्रदायकले Prepaid Calling Card सेवा प्रदायकले बिक्री गरिसकेको कार्डको सेवालाई निरन्तरता दिने प्रतिवद्धता सहितको व्यहोरा सेवा प्रदायकहरु विचको सम्झौतामा उल्लेख भएको हुनुपर्नेछ ।

५.१० सेवा प्रदायकले एउटा भ्वाइस टेलिफोन सेवा प्रदायकको टेलिफोनबाट Originate गरेको call लाइ switch गरेर वा Routing गरेर अर्के भ्वाइस टेलिफोन सेवा प्रदायकको ग्राहकको टेलिफोन/मोबाईल सेटमा terminate गर्न पाउने छैन, **Originating Exchange** भएर मात्र पठाउनुपर्ने हुन्छ ।

५.११ सेवा प्रदायकले प्राधिकरणबाट अनुमतिपत्र प्राप्त कुनै पनि भ्वाइस टेलिफोन सेवा संचालकको टेलिफोनबाट Originate गरेको Call लाइ सोहि भ्वाइस टेलिफोन सेवा

संचालकको सम्बन्धित Domestic / International Trunk Exchange प्रयोग गरि अन्तरदेशीय वा अन्तरर्राष्ट्रिय ट्रंक कल पठाउन सकिन्छ तर अर्कै भ्वाइस टेलिफोन सेवा प्रदायकको ट्रंक एक्सचेञ्ज प्रयोग गरि अन्तरदेशीय वा अन्तरर्राष्ट्रिय ट्रंक कल गराउन सकिने छैन । यस सेवाको लागि सम्बन्धित भ्वाइस टेलिफोन सेवा संचालक संग एक आपसमा ब्यापारिक अनुबन्ध भएको हुनु पर्छ । यसरि भएको ब्यापारिक अनुबन्ध पत्रको एक प्रति प्राधिकरणलाई उपलब्ध गराउनु पर्ने छ ।

५.१२ सेवा प्रदायकले PSTN / VOIP उपकरण जडानगरि कुनैपनि किसिमको voice call orignate गर्न वा terminate गर्न पाउने छैन ।